# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ (संख्या ४९) वैशाख २ गते २०७६ साल


चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभा मिति २०७५ चैत्र २८ गते स्वीकृत भएको देहाय बँमोजिमको शिक्षा ऐन स्थानीय सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## चामुण्डा विन्द्रासैनी नगरपालिकाको स्वास्थ्य ऐन (२०७५

**प्रस्तावना :**

नेपालको संविधानले स्वास्थ्य सम्बन्धि हकलाई मौलिक हककोरुपमा स्थापित गर्दै आधारभुत स्वास्थय निशुल्क हुने गरी संविधानको अनुसूची ८ र ९ मा आधारभुत स्वास्थय तथा स्वास्थ्य सँस्थाहरुको व्यवस्थापन र सँचालन सम्बन्धि एकल तथा साझा अधिकारको उल्लेख गरेको विषयलाई मध्यनजर गर्दै चामुण्डा विन्द्रासैनी नगरपालिकाको क्षेत्रभित्र रहेका नगरवासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न तथा स्वास्थ्य सेवा सञ्चालन गर्न र नागरिकले स्वस्थ जीवन जिउने अधिकारको सुनिश्चित गर्न तथा विकासका लागि स्वस्थ जनशक्ति निर्माणका लागि कानून निमाण गर्न वाञ्छनीय भएकोले नेपालको सँविधान २०७२ को धारा २२६ बमोजिम चामुण्डा विन्द्रासैनी नगरकार्यपालिकाले नगर स्वास्थ्य ऐन ( २०७५ बनाई लागु गरेको छ ।

### परिच्छेद ( १
### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम “नगर स्वास्थ्य ऐन २०७५” रहेको छ ।

(२) यो ऐन चामुण्डा विन्द्रासैनी नगरपालिकाक्षेत्र भित्र लागु हुनेछ ।

(३) यो ऐन नगरसभाले पास गरी स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

क) “आधारभुत स्वास्थय” भन्नाले स्वास्थ्य सँस्थाहरु वाट दैनिक रुपमा प्रदान हुने स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

क) “स्वास्थ्य सँस्था” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाभित्र रहेका स्वास्थ्य सँस्थाहरु सम्झनु पर्दछ ।

ख) “अध्यक्ष” भन्नाले नगर स्वास्थ्य सञ्चालन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ग) “सदस्य” भन्नाले नगर स्वास्थ्य सञ्चालन समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।





घ) “सदस्य सचिव” भन्नाले नगर स्वास्थ्य समितिको सदस्य सचिव भई काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ङ) “कर्मचारी” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाभित्र रहेका स्वास्थ्य सँस्थाहरुमा कार्यरत कर्मचारी सम्झनु पर्दछ । यस शव्दले करार कर्मचारी समेतलाई जनाउँदछ ।

च)“महिला स्वास्थ्य स्यंसेविका” भन्नाले विना पारिश्रमिक स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न खटिएका महिला स्वास्थ्य स्वयंसेविकालाई जनाउँदछ ।

छ) “प्रमुख” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख लाई सम्झनु पर्दछ ।

ज)“उपप्रमुख” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको उपप्रमुख लाई सम्झनु पर्दछ ।

झ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ । यस शव्दले निमित्ति प्रमुख प्रशासकिय अधिकृतलाई समेत जनाउँदछ ।

ञ) “नगर स्वास्य सञ्चालन समिति” भन्नाले नगरपालिका भित्र रहेका स्वास्थ्य सँस्था सञ्चालनका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

ट) “सहरी स्वास्थ्य कृल्निक” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका भित्र नौ वटै वडाहरुमा स्थापना भई सञ्चालनमा रहेका स्वास्थ्य कृल्निक सम्झनु पर्दछ ।

ड) “समिति” भन्नाले यस ऐनमा स्वास्थ्य सेवा सुचारु गर्ने उद्धेश्यले गठित समितिलाई सम्झनु पर्दछ ।

### परिच्छेद ( २
### नगर स्वास्थ्य सञ्चालन तथा व्यवस्थापन समिति, कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, स्वास्थ्य शाखा अधिकृत, वडा समिति तथा स्वास्थ्य व्यवस्थापन समिति गठन काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था

**३. नगर स्वास्थ्य सञ्चालन तथा व्यवस्थापन समिति :** (१) चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य सँस्थाहरुको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको नगर स्वास्थ्य समिति गठन हुनेछ ।

क) नगरपालिकाको नगर प्रमुख -अध्यक्ष

ख) नगरपालिकाको उपप्रमुख -सदस्य

ग) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ) नगरकार्यपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

ङ) नगरक्षेत्र भित्र रहेका स्वास्थ्य चौकी प्रमुखहरु मध्यवाट नगर स्वास्थ्य समितिले मनोनित गरेको एक जना - सदस्य

च) नगरकार्यपालिका सदस्य एक महिला सदस्य सहित तीनजना -सदस्य

छ) महिला स्वास्थ्य स्वयंसेविका मध्यवाट एकजना जना -सदस्य

ज) नगरपालिका भित्रका माविहरुमा स्वास्थ्य विषय अध्यापन गराउने शिक्षक मध्यवाट एक जना -सदस्य

झ) नगर स्वास्थ्य इकाई को प्रमुख (सदस्य सचिव

(२) उपदफा (१) बमोजिम सदस्यहरु तथा अन्य सदस्यहरुले आफ्नो पदिय मर्यादानुसार काम नगरेमा जुनसुकै अवस्थामा पनि वर्खास्त गर्न सकिनेछ । तर वर्खास्त गर्दा एक पटक निजलाई सफाईको मौका पेश गर्न दिनु पर्नेछ ।

(३) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,
क) स्वास्थ्य सम्बन्धि नगरस्तरीय योजना तर्जुमा गर्ने,
ख) स्वास्थ्य व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,
ग) संघ तथा प्रदेश कानून बमोजिम प्राप्त कर्मचारीहरुको दरबन्दि तथा मिलान गर्ने ,
घ) स्वास्थ चौकीहरु तथा सहरी स्वास्थ्य कृल्नीकहरुको अनुगमन तथा सुझाव प्रदान गर्ने र गुणस्तरीय व्यवस्थापन मिलाउने,
ङ)प्रत्यक वर्ष नगरपालिकाभित्र रहेका नागरिकको स्वास्थ्य स्थिति सम्बन्धि विवरण तयार गर्ने,
च) नगरपालिकाका नागरिकहरुलाई घरदैलो स्वास्थ्य सेवा सम्बन्धि विशेषज्ञ सेवा सिविरको व्यवस्था गर्ने,
छ)आकस्मिक स्वास्थ्य सेवा तथा नियमित स्वास्थ्य सेवा सिविरको व्यवस्था गर्ने,
ज)नगरपालिकाका प्रत्यक विद्यालयहरुमा नियमित स्वास्थ्य परिक्षणको लागि आवश्यक व्यवस्था मिलाई स्वास्थ्य कर्मिको व्यवस्थापन गर्ने,
झ) नगर स्वास्थ्य समितिको अन्य काम कार्यविधि तोकिए बमोजिम हुनेछ ।

४. **प्रमुख प्रशासकिय अधिकृत** : (१) स्वास्थय सम्बन्धि नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र नगरसभामा पेश गर्नु पर्ने छ ,
(२) प्रमुख प्रशासकिय अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५. **नगर स्वास्थ्य इकाई प्रमुख** : नगर स्वास्थ्य ईकाइ प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,
क) नगर स्वास्थ्य समितिको निर्णहरु कार्यान्वयन गर्ने,
ख) नगरपालिका भित्रका स्वास्थ्य सँस्थाहरुको निरन्तर अनुगमन रेखदेख गर्ने,
ग) आधारभुत स्वास्थ्य सम्बन्धि आवश्यक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा नियमन प्रकृया तयार पारि नगर स्वास्थ्य समितिमा पेश गर्ने ,
घ) पदको दुरुपयोग तथा अनियमित कर्मचारीहरुलाई कार्वाही गर्ने तथा कार्वाही गर्न सिफारिस गर्ने,
ङ) चौमासिक रुपमा प्रोत्साहान पाउने तथा दण्ड सजाय पाउने कर्मचारीहरुको सूची तथा प्रतिवेदन बनाई नगर स्वास्थ्य समितिमा पेश गर्ने,
च) नगर स्वास्थ्य समिति प्रति उत्तरदायी हुने,
छ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

६. **वडा समिति** : चामुण्डा विन्द्रासैनी नगरपालिकाका सबै वडा समितिहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,
क) वडा भित्रका नागरिकहरुको स्वास्थ्य स्थिति सम्बन्धि विवरण तयार गर्ने,
ख) वडा भित्र रहेका स्वास्थ्य चौकी र सहरी स्वास्थ्य कृल्निकहरुको अनुगमन गर्ने तथा स्वास्थ्य व्यवस्थापन समितिहरुलाई आवश्यक निर्देशन दिने,
ग) वडा भित्रका स्वास्थ्य सम्वन्धि समस्याहरुको वारेमा नगर स्वास्थ्य समितिमा जानकारी गराउने,
घ) तोकिए बमोजिम अन्य काम गर्ने ।

७. **स्वास्थ्य व्यवस्थापन समिति सम्बन्धि व्यवस्था** : (१) नगरपालिका क्षेत्र भित्र रहेका स्वास्य सँस्थाहरुको





सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्यक स्वास्थ्य सँस्थाहरुमा एक स्वास्थ्य व्यवस्थापन समितको गठन देहाय बमोजिम हुनेछ ,
क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष
ख) वडा समितिमा निर्वाचित एक महिला सहित दुई जना -सदस्य
ग) स्वास्थ्य क्षेत्रमा योगदान गर्ने व्यक्तिहरुमध्य व्यवस्थापन समितिले मनोनित गरेको व्यक्ति -सदस्य
घ) सम्बन्धित स्वास्थ्य सँस्थाको प्रमुख -सदस्य सचिव
(२) स्वास्थ्य व्यवस्थापन समिति गठनको लागि उपदफा (१) बमोजिम गठित समितिको पहिलो बैठक सात दिन भित्र बसी उपदफा (१) खण्ड (ग) बमोजिमको सदस्यको मनोनयन गरी सक्नु पर्नेछ ।
(३) उपदफा (१) बमोजिम गठित स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,
क) स्वास्थ्य सँस्था सञ्चालनको लागि प्राप्त श्रोत साधनको परिचालन गर्ने,
ख) स्वास्थ्य सँस्था प्रशासनको कामको रेखदेख गर्ने तथा चल अचल सम्पतिको सुरक्षा गर्ने,
ग) स्वास्थ्य सँस्थाले सुचारु ढँगवाट सेवा प्रदान गरे नगरेको अनुगमन गर्ने,
घ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।
(४) उपदफा (१) बमोजिम समितिको सदस्यहरुको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ ,
क) राजिनामा दिएमा,
ख) पदावधि समाप्त भएमा,
ग) फौजदारी कसुर गरेमा र
घ) निजको मृत्यू भएमा ।

**परिच्छेद (३**

**स्वास्थ्य सँस्थाको बजेट, जनशक्ति, कर्मचारी विदा, औषधि तथा उपकरण र आर्थिक सहायता कोष सम्बन्धि व्यवस्था**

८.**स्वास्थ्य सँस्थाको बजेट सम्बन्धि व्यवस्था** : (१) स्वास्थ्य सँस्थाको बजेट सञ्चालन नगर स्वास्थ्य समितिबाट हुनेछ ।
(२) संस्थाको आर्थिक कारोवार बैंक मार्फत गरिनेछ ।
(३) नगर स्वास्थ्य समितिको सदस्य सचिवले सँस्थाको आय(व्याय विवरण चुस्त दुरुस्त राखि सार्वजनिक लेखा परिक्षणका साथै प्रत्यक वर्ष आम भेला गराई सार्वजनिक गरी अनुमोदन गराउनु पर्नेछ ।
(२) बजेट सम्बन्धि अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

९.**जनशक्ति व्यवस्थापन सम्बन्धि व्यवस्था** : (१)नगर पालिका क्षेत्र भित्र स्वास्थ्य सँस्था सञ्चालनमा नेपाल सरकारको स्वीकृत दरबन्दि अनुसारको कर्मचारीवाट सेवाग्राहीलाई सेवा दिन कठिन भएमा अस्थाई तथा करार दरबन्दि सृजना गरी जनशक्ति व्यवस्थापन गर्न सकिनेछ ।
(२) जनशक्ति व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **कर्मचारी विदा सम्बन्धि व्यवस्था** : (१) कर्मचारी ले वर्षभरीमा पाउने विदाहरुको हकमा संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।
(२) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. औषधि तथा उपकरण सम्बन्धि व्यवस्था** : (१) आधारभुत स्वास्थ्य निशुल्क प्रदान गर्ने नेपाल सरकारको नीति अनुरुप नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका स्वास्थ्य सँस्थाहरुमा विरामीको सँख्या तथा विरामीको रोगका आधारमा सबैप्रकारका औषधि तथा अत्याधुनिक स्वास्थ्य सम्बन्धि उपकरणहरु खरिद गरी वितरण गर्नु पर्नेछ ।

(२) औषधि तथा उपकरण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. आर्थिक सहायता कोष सम्बन्धि व्यवस्था** : नगरपालिकाले आफ्नो नगर भित्र बसोवास गर्ने नागरिकहरुको लागि आपतकालिन अवस्थामा गर्नु पर्ने आर्थिक सहयोगका लागि प्रत्यक आर्थिक वर्षमा वर्षे नगरसभावाटै विनियोजन हुने गरी एक आर्थिक सहायता कोष को स्थापना गर्नु पर्ने छ ।

## परिच्छेद -४

## समुदाय स्वास्थ्य, विशेषज्ञ सेवा सिविर, महामारी रोग र नसर्ने रोग नियन्त्रण तथा पूर्व सावधानी, उपचार सहयोग सम्बन्धि व्यवस्था

**१३.समुदाय स्वास्थ्य सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र बसोवास गर्ने सबै नागरिकहरुलाई आधारभुत स्वास्थ्यको ग्यारेन्टी गर्न प्रत्यक घर आँगनमा घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घरदैलोमै आधारभुत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न नगरपालिकाल आवश्यकताको आधारमा स्वास्थ्य सामाग्री तथा जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ ।

(३) समुदाय स्वास्थ्य सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४.विशेषज्ञ स्वास्थ्य सेवा सिविर सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र बसोवास गर्ने सबै नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउनको लागि तथा उपचार गर्न नसकि विभिन्न खाले रोगवाट ग्रस्त बालबालिका, जेष्ट नागरिक, महिलाको पाठ्यघर सम्बन्धि समस्या लगायत सबै उमेर समुहका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न तीन महिनाको अन्तरालमा विभिन्न रोगका विशेषज्ञ डाक्टरहरुवाट विशेषज्ञ स्वास्थ्य सेवा सिविरको आयोजना गर्नुपर्नेछ ।

(२) विशेषज्ञ सेवा सिविर सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. महामारी रोग नियन्त्रण तथा पूर्व सावधानी सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाले आफ्नो नगरक्षेत्र भित्र महामारीजन्य रोगहरु फैलिन नदिन विभिन्न किसिमका जनचेतना सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने तथा त्यस्तोखाले कुनै महामारी रोग फैलिसकेको अवस्थामा जुनसुकै समयमा पनि नियन्त्रणमा लिनको लागि पूर्ववत रुपमा विशेष व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम महामारी रोग नियन्त्रण तथा पूर्व सावधानी सम्बन्धि व्यवस्थाका लागि नगरपालिकाको नगर स्वास्थ्य समितिको प्रत्यक्ष निगरानीमा देहाय बमोजिम एक समिति गठन गरिनेछ ।

क) नगरकार्यपालिका अन्तर्गत सामाजिक विकास समितिका संयोजक - अध्यक्ष

ख) सवै वडाका वडा अध्यक्ष - सदस्य

ग) नगरपालिका भित्र रहेका सबै स्वास्थ्य चौकी प्रमुखहरु - सदस्य

घ) मा.वि शिक्षकहरु, रेडक्रस, स्काउट तथा विभिन्न सामाजिक संघसंस्थाहरु मध्यवाट तीन जना - सदस्य

ङ) नगर स्वास्थ्य इकाई प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।





क) माहामारी रोग फैलन नदिनको लागि समुदायमा चेतनामुलक अभियान सञ्चालन गर्ने,

ख) महामारी रोग फैलिसकेको क्षेत्रमा आवश्यक जनशक्ति को यथासिघ्र उपस्थित गराउने,

ग) महामारी रोग नियन्त्रण सम्बन्धि आवश्यक औषधि , जनशक्ति तथा उपकरणहरुको पूर्ववत तयारी मजवुत बनाउने ,

घ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(४) उपदफा (२) बमोजिम समितिले नगरपालिका भित्र रहेका प्रत्यक स्वास्थ्य सँस्थाहरुमा साधन श्रोत सहित दक्ष स्वास्थ्य कर्मीको नेतृत्वमा एक Rapid Response Team (RRT) को गठन गर्न सक्नेछ ।

**१६. नसर्ने रोग सम्बन्धि व्यवस्था** : नगरपालिका भित्र वातावरण प्रदुषण, बढ्दो शहरीकरण, विलासितापूर्ण जीवनसैली, खानपानमा हुने मिसावट जस्ता आदी कारणवाट मानिसको स्वास्थ्यमा प्रतिकुल असर पारी दिन प्रतिदिन नसर्ने किसिमका मुटु, मृगौला, कलेजो, आन्द्रा, मानसिक लगायतका रोगहरु उत्पन्न भइ जनस्वास्थ्य समस्याको रुपमा देखा परिरहेको अवस्थालाई मध्य नजर गरी एलोप्याथिक, आयुर्वेदिक, प्राकृतिक चिकित्सा, फिजियोथेरापी, योग शिविर, खेलकुद जस्ता पद्धति समावेश गरी एकिकृत चिकित्सा प्रणाली अवलम्बन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**१७. उपचार सहयोग सम्बन्धि व्यवस्था** : नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र रोग लागि उपचार गर्न नसकि थलिएर बस्नुपरेका अति गरिव नागरिकहरुलाई उपचारको लागि आर्थिक सहयोग प्रवन्ध गर्नु पर्नेछ ।

## परिच्छेद ( ५

## शहरी स्वास्थ्य कृल्निक, महिला स्वास्थ्य स्वयंसेविका तथा प्रसुती सेवा कर्मचारी क्षमता अभिबृद्धि तालिम सम्बन्धि व्यवस्था

**१८. शहरी स्वास्थ्य कृल्निक सम्बन्धि व्यवस्था** : नगरपालिकाले नागरिकलाई सहज ढँगवाट स्वास्थ्य सेवा प्रदान गर्ने उद्धेश्यले नगरपालिकाका विभिन्न स्थानमा स्थापना गरिएका शहरी स्वास्थ्य कृल्निकहरुको व्यवस्थापनमा विशेष ध्यान दिनुका साथै त्यस्ता कृल्निकहरुकालागि प्रयाप्त मात्रामा औषधि तथा उपकरणहरुको उपलब्धता र तालिमको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

**१९. महिला स्वास्थ्य स्वयंसेविका** : (१) नगरपालिका भित्र स्वास्थ्यचौकी हरु संग सम्बन्धि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आफ्नो टोलका प्रत्यक नागरिक सँग हरेक समय सम्पर्कमा रहीरहने वातावरण निर्माण गर्नुपर्ने छ ।

(२) आफ्नो जिम्मेवारी कुशलतापूर्वक बहन गर्ने महिला स्वयंसेविकाहरुलाई उपयुक्त किसिमको पारिश्रमिकको व्यवस्था गर्नु पर्नेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०.प्रसुति सेवा सम्बन्धि व्यवस्था** : (१) सबै आमाहरुलाई सुरक्षित प्रशुति सेवाको ग्यारेन्टी नगरपालिकाले लिएर प्रत्यक आमाको सुरक्षित प्रसुति सेवाको लागि प्रत्यक टोलटोलमा २४सै घण्टा त्यस्तो सेवा प्रदान गर्ने गुणस्तरीय भौतिक पूर्वाधार सहितका प्रसुति केन्द्रहरु स्थापना गर्नु पर्नेछ ।

(२) नगरपालिकाका कुनै प्रसुतिकेन्द्रमा वा स्वास्थ्य सँस्थाहरुमा प्रसुति हुन नसकी ज्यानै समेत जाखिम रहेका महिलाहरुको लागि नगरपालिकाले भरपर्दो उद्धारको व्यवस्था गर्नु पर्नेछ ।

**२१. कर्मचारी क्षमता अभिबृद्धि तालिम सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिबृद्धिको लागि विभिन्न तालिममा सहभागि गराउने व्यवस्था गराउनु पर्नेछ ।

(२) कर्मचारी तालिम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद ( ६

**प्रोत्साहान र दण्ड सजाय सम्बन्धि व्यवस्था**

**२२.प्रात्साहान सम्बन्धि व्यवस्था** : नगरपालिकाले स्वास्थ्य सँस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई उनीहरुको कार्यकुशलता, इमान्दारीता, लगनशिलता र नियमितताको विशिष्ट मुल्याङ्कन गरी प्रोत्साहान स्वरुप प्रोत्साहान भत्ताको व्यवस्था गर्न सक्नेछ। त्यस्तो प्रोत्साहान भत्ता सम्बन्धि व्यवस्था नगरपालिकाले कार्यविधि निर्माण गरी लागु गर्नेछ।

**२३. दण्ड सजाय सम्बन्धि व्यवस्था** : स्वास्थ्य सँस्थाहरुमा कार्यरत कर्मचारीहरुले आफ्नो पदिय जिम्मेवारी विपरित कार्य गरेमा नगरपालिकाले संघ तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम कार्वाहीका साथै कार्यविधिमा तोकिए बमोजिम दण्ड सजाय गर्न सक्नेछ।

परिच्छेद (७

**कर्मचारी सेवा शर्त, नियूक्ति तथा सरुवा सम्बन्धि व्यवस्था**

**२४.कर्मचारी सेवा शर्त सम्बन्धि व्यवस्था** : स्वास्थ्य सँस्थाहरुमा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धि योग्यता, तह, श्रेणी विभाजन अन्य सेवा सुविधा संघ तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ। तर नगरपालिकाले नियूक्ति गरेका करार कर्मचारीहरुको हकमा नगर कानून बमोजिम हुनेछ।

**२५. कर्मचारी नियुक्ति सम्बन्धि व्यवस्था** : (१) स्वास्थ्य सँस्थाहरुमा स्वीकृत दरवन्दिमा स्थायी कर्मचारी नियुक्ति सम्बन्धि संघ तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सँस्थाहरुमा स्थायी दरवन्दिमा कार्यरत कर्मचारीहरुको अभाव हुन गई सेवा प्रदान कार्यमा बाधा उत्पन्न भएको महसुस भएमा नगर स्वास्थ्य समितिको सिफारिसमा नगरकार्यपालिकाले संघ तथा प्रदेश कानूनको अधिनमा रही करार कर्मचारीहरुको नियूक्ति गर्न सक्नेछ।

**२६. कर्मचारी सरुवा सम्बन्धि व्यवस्था** : (१) संघ तथा प्रदेश कानूनमा वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भए बाहेक नगरपालिका भित्र कर्मचारी सरुवा गर्दा कर्मचारी तहलाई मनन गरी कर्मचारीको सरुवा गर्नु पर्ने आवश्यकता देखिएमा नगर स्वास्थ्य समितिले कर्मचारीको सरुवा गर्न सक्नेछ।

(२) कर्मचारी सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद ( ८

**विविध**

**२७. निजि औषधि पसल सम्बन्धि व्यवस्था** : (१) नगरपालिका क्षेत्र भित्र यस अघि सञ्चालनमा रहेका औषधि पसल तथा यस पछि स्थापना हुने औषधि पसलहरुले कानून बमोजिम प्रमाणपत्र प्राप्त गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालित औषधि पसलहरुले सेवा ग्राहीलाई उपलब्ध गराउने औषधिहरु प्रिन्ट रेट मा उल्लेख भएको मुल्यमा मात्र विक्रि वितरण गर्नु पर्नेछ र म्याद समाप्त भएको औषधि विक्रि वितरण गर्न पाईने छैन।

(३) उपदफा (२) विपरित कार्य गर्ने औषधि पसलहरुलाई प्रचलित कानून बमोजिम सजाय गरिनेछ।

(४) निजि औषधि पसल सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२८.प्रतिवेदन पेश गर्नु पर्ने** : प्रत्यक स्वास्थ्य सँस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन नगर स्वास्थ्य इकाईमा र नगर स्वास्थ्य इकाईले अर्ध वार्षिक रुपमा प्रतिवेदन नगर स्वास्थ्य समितिमा पेश गर्नु पर्नेछ।

**२९.संशोधन गर्न सकिने** : यस ऐनमा वा ऐनका कुनै दफा संशोधन गर्न आवश्यक देखिएमा नगरसभाले





आवश्यक संशोधन गर्न सक्ने छ।

**३०.स्वतः** खारेज हुने : यो ऐन तथा यस ऐनका कुनै दफा उपदफाहरु संघ तथा प्रदेश कानूनसँग बाझिएमा स्वतः खारेज हुनेछ।

**३१. बचाउ** : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र कार्यविधिमा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुरामा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

..................

**आज्ञाले**

**तिलक वि.क**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७५/१२/२९**